नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २८९ २०८३ साल असार १६ गते मंगलबार (30 June 2026 Tuesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

यस अंक भित्र : २ पृष्ठमा : जलवायुको मारमा धानको... ३ पृष्ठमा : कोशी टप्पुमा पर्यटनको ... ३ पृष्ठमा बङ्गलादेशकी पूर्व प्रधानमन्त्रि...

# राष्ट्रियसभामा सांसद कर्णले उठाए "राजविराजको लालपूर्जा" मुद्दा



**दैनिक समाचारदाता**
**राजविराज, १५ असार ।**

राजविराज नगरवासीले झण्डै डेढ महिनादेखी लालपूर्जा माग गर्दै निरन्तर गरिरहेको आन्दोलनबारे राष्ट्रिय सभामा आवाज उठेको छ ।

सोमवार राष्ट्रियसभाको २१ औ अधिवेशन बैठकको शुन्य समयमा राष्ट्रियसभा सदस्य रञ्जित कर्णले यसबारे आवाज उठाएका हुन ।

सभामा सांसद कर्णले भने "बजार स्थापना काल देखी नै आफ्नै ब्यक्तीगत लगानीमा घर पसल बनाई बसोवास, कारोबार र जीवनयापन गरेर नगरको विकासमा योगदान पुऱ्याउदै आएका राजविराजवासीलाई लालपूर्जाका लागी विगत ४३ दिन देखी निरन्तर आन्दोलन गरिरहदा पनि सरकार के हेरेर वसेको छ ?"

राष्ट्रियसभा अध्यक्ष मार्फत सरकारको ध्यानाकर्षण गराउदै उनले वसोवासको ८५ वर्ष भन्दा बढी समय वितिसक्दा पनि राजविराजका मुलवासी ५ हजार

***बाँकी अन्तिम पृष्ठमा***

# नुहाउन गएका दुई बालकको डुबेर मृत्यु

**दैनिक समाचारदाता**
**रौतहट, १५ असार ।**

रौतहटको बागमती नदीमा नुहाउन गएका दुई बालकको डुबेर मृत्यु भएको छ ।

आइतबार दिउँसो बागमती नदीमा नुहाउन गएका गढीमाई नगरपालिका-१ समनपुर हरैयाका भन्टु राय यादवको आठ वर्षीय छोरा अनिकेश र सोही गाउँका सुरेश यादवका आठ वर्षीय छोरा आदित्यकोब्ग▪ डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायब उपरीक्षक वसन्त गौतमले जानकारी दिनुभयो । दुवै बालक नुहाउनका लागि गाउँ नजिकैको बागमती नदीमा गएका थिए ।

नुहाउने क्रममा बालक हराएको खबर पाएपछि इलाका प्रहरी कार्यालय समनपुरका प्रहरी नायब निरीक्षक मुना पासवानको नेतृत्वको प्रहरी टोलीले खोजीकार्य गरेको प्रनाउ गौतमले जानकारी दिए ।

# भन्सार छलेका सामानसहित मोटरसाइकल भन्सार बुझाइयो



**दैनिक समाचारदाता**
**राजविराज, १५ असार ।**

इलाका प्रहरी कार्यालय बोदेवर्साइन सप्तरीबाट खटिएको प्रहरी टोलीले भारतबाट अवैध रुपमा भन्सार छलि मोटरसाइकलमा ल्याउँदै गरेको विभिन्न किरानाका सामानहरु बरामद गरेको छ ।

जिल्लाको बोदेवेर्साइन नगरपालिका ५ शत्रुधन चौकमा शनिबार प्रहरीले गस्ती गर्ने क्रममा स.५प.६१४८ नम्वरको मोटरसाइकलसहित अवैध रुपमा ल्याइएको किरानाका सामानहरु बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीका अनुसार मोटरसाईकलमा सामानहरु लोड गरि आउँदै गरेको अवस्थामा प्रहरी टोलीलाई देख्ने बित्तिकै ती व्यक्तिले मोटरसाईकल सोही स्थानमा छाडी फरार भएका थिए । बेवारिसे अवस्थामा रहेका उक्त मोटरसाईकलमा लोड गरेको बोरा कानुन बमोजिम खोली चेकजाँच गर्दा सो बोरा भित्र विभिन्न किराना सामानहरु फेला परेको प्रहरी नायब उपरिक्षक एवं प्रवक्ता हेमराज घिमिरे जानकारी दिए ।

एक लाख ४७ हजार ७ सय ७० बराबरको मोटरसाईकल र किराना सामानहरु प्रहरी टोलीले नियन्त्रणमा लिई सोमबार आवश्यक कारवाहीको लागि राजविराज भन्सार कार्यालय तिलाठीमा बुझाईएको प्रहरीले जनाएको छ ।

# तिलाठी मनाइयो धान दिवस



**दैनिक समाचारदाता**
**राजविराज, १५ असार ।**

राष्ट्रिय धान दिवसको अवसरमा सोमबार तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ४ कोईलाडीमा धान रोपेर दिवस मनाइएको छ ।

"जलवायुमैत्री प्रविधि : धानमा निर्भरता र समृद्धि" नाराका साथ मनाइएको सो धान दिवसमा महिला तथा पुरुष किसानहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

कृषिलाई उच्च प्राथमिकतामा राखेर गाउँपालिकाले काम गरिरहेको बताउँदै गाउँपालिका अध्यक्ष अरुण कुमार मण्डलले किसानलाई गाउँपालिकाबाट विभिन्न किसीमका सुविधाहरु प्रदान गर्दै आईरहेको बताए ।

सप्रोस नेपाल र ग्रामीणमुखी युवा अभियान नेपाल (रोयम नेपाल) सँगको सहकार्यमा आयोजित धान दिवसको अवसरमा सप्रोस नेपालद्वारा जलवायु मैत्री अभ्यास तथा प्रविधिहरुको प्रदर्शनी समेत गरिएको थियो ।

तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ४ कोईलाडीका वडा अध्यक्ष मुनिलाल मुखियाको अध्यक्षतामा आयोजित सो कार्यक्रममा वडा अध्यक्षहरु ललन प्रसाद राउत, रोशन सिंह र सत्यनारायण यादव, प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार कर्ण, विभिन्न शाखाका प्रमुख लगायतको सहभागिता रहेको थियो ।

**मधुमेह (डायबिटिज) रोगबाट बचौं**

शरीरमा चिनीको मात्रा बढी हुँदा मधुमेह हुन सक्छ,

मधुमेहले,

- विभिन्न अंगमा क्षति पुऱ्याउन सक्छ,
- मुटु र मिर्गौलामा क्षति पुऱ्याउन सक्छ,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

मधुमेहबाट बच्न,

- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य पदार्थको सेवन कम गरौं,
- जङ्कफूड तथा तारेका, भुटेका र प्रशोधित खानाहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,

नियमित स्वास्थ्य परीक्षण गरौं, मधुमेहबाट बचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### महिला अधिकार सुनिश्चित गरौं

सरकारको विभिन्न निकाय तथा संघसंस्थाहरु लगायतमा ३३ प्रतिशत महिलालाई आरक्षण दिने प्रावधान रहेको छ । त्यो प्रावधान केहीमा लागु भएको देखिन्छ भने केहीमा नामको मात्र रहेको छ । नयाँ नेपालको सपना बोकेको हामी नेपाली यसरी महिलाको नाउँमा पक्षपात त गरिरहेका छैनौं ? यो एउटा फरक विषय पनि हो । यसरी सरकारले महिलाहरुका लागि छुट्टै आरक्षणको व्यवस्था गरेपनि अधिकांश निकायमा अझै महिलाहरु आफ्नो अधिकारका लागि लड्न बाध्य छन् ।

विभिन्न निकायहरुबाट सार्वजनिक गरिने प्रतिवेदनमा बालिकादेखि वृद्धासम्म बलात्कारको शिकार हुने गरेको उल्लेख भएको पाइन्छ । महिला अस्मिता रक्षा र महिला अधिकारको संरक्षणले पार्न सभ्य समाजको निर्माण हुन्छ । यस्ता घटनाले महिला जगतलाई आतंकित आउँछ भने सम्पूर्ण सभ्य समाज यस्ता कुकृत्यले स्तब्ध र आक्रोशित बन्नु स्वाभाविक हो । महिलालाई विभिन्न बहानामा प्रताडित, उपभोग र तिस्कृत गरिने घटनाहरु हाम्रा अगाडि दिनहुँ जसो आइरहेका हुन्छन् ।

महिलाहरु आफ्नो अधिकारबाट बञ्चित भइरहँदा उनीहरुलाई अझै विभिन्न हिंसाबाट पीडित समेत बन्दै गएका छन् । यस्तो अवस्थामा हामी अझै सचेत बन्न सकिरहेका छैनौं । उनीहरुको मानसम्मान तथा अधिकारका लागि हामी सबै लाग्नु पर्छ । तसर्थ यस्ता अन्यायहरुप्रति हामी अगाडी बढ्नै पर्छ अनि मात्र महिला अधिकारको सनिश्चितता हुनेछ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# जलवायुको मारमा धानको सुरक्षा

**प्रगति ढकाल**

काठमाडौँ, १५ असार (रासस) ।

पछिल्लो समय जलवायु परिवर्तनको असरले बढाएको सुक्खा तथा खडेरीको असर प्रत्यक्ष रूपमा कृषि क्षेत्रमा देखिन थालेको छ । नेपालजस्तो धानखेतीमा आत्मनिर्भर बन्ने प्रयासरत मुलुकलाई जलवायुजन्य सङ्कटको सामना गर्न चुनौती थपिँदै गएको छ ।

जल तथा मौसम विज्ञान विभागले मनसुन अवधिमा औसतभन्दा कम वर्षा हुनसक्ने प्रक्षेपण गरिरहँदा यस वर्ष पनि धान रोपाइँलाई असर गर्नसक्ने भन्दै कृषकहरू चिन्तित देखिन्छन् । कृषि, वन तथा पर्यावरण मन्त्रालयका सहप्रवक्ता तथा वरिष्ठ कृषि अर्थविज्ञ लालकुमार श्रेष्ठले मनसुनको समयमा औसतभन्दा कम वर्षा हुने प्रक्षेपण हुँदा बर्खे धानमा असर गर्नसक्ने भन्दै चिन्ता जनाउनुभयो । "नेपालमा सिँचाइको राम्रो व्यवस्था हुन नसक्दा आकासेपानीकै भरमा रोपाइँ हुने गरेको छ, वर्षा कम हुँदा वा ढिला हुदाँ धान रोपाइँमा असर गर्नसक्ने र उत्पादनमा ह्रास आउन सक्छ", उहाँले भन्नुभयो ।

बदलिँदो जलवायु र सम्भावित वर्षा न्यूनताका कारण कृषि उत्पादनमा पर्नसक्ने असर न्यूनीकरण गर्न मौसम अनुकूल खेती प्रणाली अपनाउनुपर्नेमा उहाँले जोड दिनुभयो । जलवायु तथा विपद् व्यवस्थापन डा धर्मराज उप्रेतीले जलवायुजन्य सङ्कटसँगै निम्तिएको एल-निनोको प्रभाव पनि सक्रिय हुँदै गएकाले यस वर्षको मनसुन अवधिमा वर्षा कम हुने बताउनुभयो ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयअन्तर्गत कृषि विभागले धानमा आत्मनिर्भर बन्न जलवायुमैत्री कृषि प्रविधिमा जोड दिएको छ । पछिल्लो समय जलवायु परिवर्तनको असरका कारण खडेरी बढ्न थालेको र कृषि उत्पादनमा ह्रास आउनसक्ने भन्दै कृषि उत्पादकत्व बृद्धिका लागि जलवायुमैत्री कृषि प्रविधि अपनाउन मन्त्रालयले योजना पनि अगाडि बढाएको छ ।

देशभर मनसुन सक्रिय भए पनि अपेक्षाअनुसार वर्षा हुन नसक्दा कूल वर्षा औसतभन्दा उल्लेख्य रूपमा कम रहेको छ । जल तथा मौसम विज्ञान विभागको तथ्याङ्कअनुसार जुन १ देखि २५ सम्म देशभर औसत १४९ मिमि वर्षा मापन भएको छ, जुन यस अवधिको औसत वर्षा (२१४ मिमि) को ६९.६ प्रतिशत हो । दैनिक औसतको ९० प्रतिशतभन्दा कम वर्षा मापन भएको विभागको तथ्याङ्कमा उल्लेख छ । विभागले यस मनसुन अवधिमा नेपालमा सरदरभन्दा कम वर्षा हुने र तापक्रम बढ्ने प्रक्षेपण गरेको छ । यस वर्ष कर्णाली प्रदेशका दक्षिणी भू-भाग, लुम्बिनी प्रदेशका अधिकांश क्षेत्र, मधेश प्रदेशका पूर्वी भू-भाग तथा कोशी प्रदेशका दक्षिणी क्षेत्रमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको छ ।

कृषि विभागका महानिर्देशक प्रकाशकुमार सन्जेलले जलवायु परिवर्तनको नकारात्मक प्रभाव न्यूनीकरण गरी दिगो उत्पादन प्रणाली प्रवर्द्धन गर्नु जरुरी रहेको बताउनुभयो । "विभिन्न अध्ययनले २०२६ को मध्यबाट एल-निनोको प्रभाव सुरु भइसकेको र यसले दक्षिण एसियाली मुलुकसहित नेपालमा सुक्खाको प्रकोप बढाउनसक्ने आँकलन गरिएको छ", उहाँले भन्नुभयो, "गत वर्ष तराई क्षेत्रमा सुख्खाका कारण धान रोपाइँ प्रभावित भई उत्पादनमा प्रतिकूल असरसमेत परेको थियो ।"

धानबालीमा आत्मनिर्भरता हासिल गर्न चैते धानबालीको क्षेत्र विस्तार, उत्पादकत्व वृद्धिका लागि उन्नत बीउ उत्पादन तथा उपयोग प्रवर्द्धन, स्वदेशी उन्नत जात विकास, रासायनिक मल उपलब्धता सुनिश्चितता, प्रविधि प्रसार एवं बजार मूल्य सुनिश्चितताका लागि न्यूनतम समर्थन मूल्य निर्धारण प्राथमिकताका रहेको उहाँको भनाइ छ । सञ्जेलले खेतीयोग्य जमिनको सीमितता तथा धानबालीको क्षेत्रमा आएको कमीका कारण उत्पादकत्व वृद्धि अपरिहार्य रहेको सन्दर्भमा जलवायु परिवर्तनको नकारात्मक प्रभाव चुनौतीको रुपमा देखिएको बताउनुभएको छ । मौसमी वर्षामा निर्भर नेपालको खेती प्रणाली केही वर्षदेखि विभिन्न जलवायु सिर्जित प्रकोपबाट प्रभावित रहँदै आएको छ । सन् १९८१ को बाढी, २००८ को कोशी क्षेत्रमा आएको बाढी, २०१७ मा तराईमा आएको बाढी र २०२४ मा आएको बाढी पहिरोबाट नेपालका विभिन्न भूभाग प्रभावित भएका थिए ।

**कूल गार्हस्थ्य उत्पादनमा योगदान**

कृषि विभागका अनुसार कृषि गार्हस्थ्य उत्पादनमा धानबालीको करिब १३ प्रतिशत हिस्सा रहेको तथा कूल खाद्यान्न बाली उत्पादनमा धानबालीको हिस्सा ५० प्रतिशत रहेको छ । धानबालीको उत्पादनले मात्रै नेपालको कूल गार्हस्थ्य उत्पादनमा करिब दुई खर्ब बराबरको योगदान गरेको छ । राष्ट्रिय कृषि गणना २०७८ अनुसार नेपालमा ४१ लाख ३१ हजार कृषक घरधुरीमध्ये २७ लाख ६५ हजार घरधुरी धानखेतीमा आवद्ध रहेका छन् र कूल खेती गरिएको जमिनमध्ये ५४ प्रतिशतमा धान खेती हुने गरेको छ ।

नेपाली कृषक परिवारको जनजीविका, कृषि उत्पादन, मुलुकको समग्र खाद्य सुरक्षा र अर्थतन्त्रमा योगदानका कारण नेपाल सरकारको दीर्घकालीन तथा आवधिक योजना एवं वार्षिक विकास कार्यक्रममा धानबाली प्राथमिकता प्राप्त बाली रहँदै आएको छ ।

**धानबालीको उत्पादकत्वमा वृद्धि**

विभागका अनुसार आव २०७६/७७ मा १४ लाख ५८ हजार ९१५ हेक्टरमा ५५ लाख ५० हजार ८७८ मे.टन धान उत्पादन भएकोमा आव २०८१/८२ मा १४ लाख २० हजार ६३६ हेक्टरमा ५९ लाख ५५ हजार ४७६ मे.टन धान उत्पादन भएको थियो । सन्जेलले विगत पाँच वर्षमा धानबालीको उत्पादकत्व ३.८० मे.टन प्रति हेक्टरबाट वृद्धि भई ४.१९ मे.टन प्रतिहेक्टर भएको जानकारी दिनुभयो ।

"पछिल्लो वर्षहरूमा धानबालीको क्षेत्रफल क्रमशः घट्दै गए तापनि उन्नत बीउबिजन तथा मलखाद प्रयोगमा वृद्धि एवं प्रविधि प्रसारका कारण उत्पादकत्वमा आएको वृद्धिले धानबालीको कूल उत्पादन वृद्धि भएको छ", उहाँले भन्नुभयो, "नेपालमा करिब ७० लाख मे.टन धान आवश्यक रहेकामा विद्यमान उत्पादनका आधारमा करिब १० लाख मे.टन अपुग हुने देखिन्छ ।" उहाँका अनुसार केही वर्षयता उपभोक्ताको खानेबानीमा आएको परिवर्तनका कारण मसिना तथा बासनादार चामलको माग वृद्धि हुँदा धान चामलको आयात उल्लेख्य भएको छ ।

**जलवायु अनुकूलित खेती प्रणाली विकास आवश्यक**

महानिर्देशक सञ्जेलले जलवायु अनुकूलित खेती प्रणाली विकासका लागि नेपाल कृषि अनुसन्धान परिषद्‌बाट सुक्खा सहन सक्ने सुक्खा-१, २, ३, ४, ५, ६, डुबान सहन सक्ने सावा मसुली सव-१ र सेहराङ सव-१ एवं सुख्खा तथा डुबान दुवै सहनसक्ने बहुगुणी-१ र २ जात विकास गरी किसानस्तरमा प्रवर्द्धनका कार्य भएको बताउनुभयो । "धानबालीका २५०० भन्दा बढी आनुवांशिक स्रोत राष्ट्रिय जीन बैंकमा सुरक्षित राखी जैविक विविधता संरक्षण, सम्बर्द्धन र जातीय विकासमा प्रयोग गरिएको छ", उहाँले भन्नुभयो, "कालो धान, शुद्धोधन कालानमक, हरियो काउचिन, कालो पात्ले, रातो अनदी, जोरायेल बासमती, झिनुवा, एक्लेलगायतका जात दर्ता गरी धानबालीका पोषणयुक्त रैथाने जातको मूल्य शृङ्खला विकासको प्रयास गरिएको छ । यस्ता रैथाने तथा स्थानीय जात सूचीकरण गर्न कृषक समूह/समुदायलाई प्राविधिक र आर्थिक सहजीकरणको कार्य समेत हुँदै आएको छ ।"

विभागका अनुसार हाल १८ जिल्लाका ५८ स्थानीय तहमा सङ्घीय सशर्त वित्तीय हस्तान्तरणमार्फत चैते धान प्रवर्द्धन, गुणस्तरीय बीउमा किसानको पहुँच वृद्धिका लागि स्रोत बीउ उत्पादन तथा उन्नत बीउ उत्पादन तथा उपयोगमा अनुदानलाई प्राथमिकता दिइएको छ । प्रतिएकाइ जमिनबाट बढी उत्पादन लिन नेपालमा विकास गरिएको हर्दिनाथ-१ र ३ वर्णशङ्कर जात प्रवर्द्धन, २१ जोन र ५ सुपर-जोनमार्फत वर्षे तथा चैते धानमा यान्त्रिकीकरण प्रवर्द्धन र मूल्य शृङ्खला विकास, जलवायु सिर्जित जोखिमबाट किसानको व्यवसाय सुरक्षणका लागि बाली बिमा प्रिमियममा अनुदान एवं न्यूनतम समर्थन मूल्य निर्धारण कार्यक्रम कार्यान्वयन भइरहेका छन् ।

कृषि विभागबाट धानमा आधारित खेती र खाद्य प्रणालीको जलवायु उत्थानशील रुपान्तरण आयोजना यस वर्षबाट सुरुआत भई महोत्तरी, सर्लाही, नुवाकोट र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाका आठ स्थानीय तहमा कार्यान्वयनमा आएको छ । विभागका अनुसार जलवायु परिवर्तनको नकारात्मक प्रभाव न्यूनीकरणका लागि धान बालीमा उत्थानशील जात विकास, धानखेतीमा छरुवा प्रविधि, पालैपालो जमिन भिजाउने र सुकाउने तथा वर्षाको पानी सङ्कलनजस्ता प्रविधि विस्तारमा जोड दिइएको छ ।

**एल-निनोको तीव्र विकाससँगै विश्वव्यापी तापक्रम बढ्ने सम्भावना : डब्लुएमओ**

यस वर्ष तीव्र रूपमा विकसित भइरहेको एल निनोका कारण विश्वका अधिकांश भूभागमा औसतभन्दा बढी तापक्रम हुने तथा दक्षिण एसियासहित भारतीय उपमहाद्वीपमा औसतभन्दा कम वर्षा हुने सम्भावना रहेको भन्दै चिन्ता जनाइएको छ । विश्व मौसम विज्ञान सङ्गठन (डब्लुएमओ) अन्तर्गतको बहु-मोडेल मौसमी पूर्वानुमान प्रणालीले सार्वजनिक गरेको पछिल्लो मौसमी पूर्वानुमानअनुसार यस वर्षको सुरुआतमा कमजोर बन्दै गएको ला-निनाबाट प्रशान्त महासागरको अवस्था तटस्थमा पुगेको भए पनि आगामी महिनाहरूमा बलियो एल-निनो विकसित हुने संकेत देखिएको छ ।

प्रशान्त महासागरमा विकसित भइरहेको एल-निनोसँगै सकारात्मक आइओडीको प्रभावले दक्षिण एसियाली मनसुन प्रणालीमा थप असर पार्नसक्ने मौसमविद्हरूको भनाइ छ । पूर्वानुमानअनुसार उत्तरी अमेरिका, युरोप, अफ्रिका तथा एसियाका अधिकांश भूभागमा औसतभन्दा बढी तापक्रम हुने सम्भावना उच्च छ । दक्षिण तथा पूर्वी एसियामा तापक्रम वृद्धि हुने सम्भावना अझ बढी रहेको उल्लेख गरिएको छ । दक्षिणी गोलार्द्धका दक्षिण अमेरिका, दक्षिणी अफ्रिका तथा अस्ट्रेलियाका धेरै क्षेत्रमा पनि औसतभन्दा बढी तापक्रम रहने सङ्केत देखिएको छ । भूमध्यरेखीय अफ्रिका तथा समुद्री दक्षिणपूर्वी एसियामा समेत तापक्रम सामान्यभन्दा माथि रहने सम्भावना प्रबल छ ।

विभागको प्रवक्ता विभूति पोखरेलले नेपालमा मनसुन छ दिन ढिला गरी भित्रिए पनि राम्रो वर्षा भने हुन नसकेको बताउनुभयो । "हाल कोशी, मधेस र बागमती प्रदेशका सम्पुर्ण भू-भाग, गण्डकी प्रदेशको केही भू-भाग र लुम्बिनी प्रदेशको पूर्वी भू-भागको थोरै स्थानमा मनसुनी वायुको प्रभाव रहेको छ । अन्य भू-भागमा पश्चिमी वायु र स्थानीय वायुको आंशिक प्रभाव रहेको छ," उहाँले भन्नुभयो, "साथै गण्डकी र लुम्बिनी प्रदेशको बाँकी भू-भाग, कर्णाली र सुदूरपश्चिम प्रदेशका सम्पूर्ण भू-भागमा यही सातामा मनसुन विस्तार हुने सम्भावना रहेको छ ।"

**आज धान दिवस**

विसं २०६१ देखि सुरुआत भएको राष्ट्रिय धान दिवस मनाउने परम्पराको २३औँ संस्करण आज नेपाल कृषि अनुसन्धान परिषद्अन्तर्गत राष्ट्रिय बाली विज्ञान अनुसन्धान केन्द्र, खुमलटारमा धान दिवस मनाइँदैछ ।

प्रदेश तथा स्थानीय तहलाई समेत 'जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि' नाराका साथ विविध कार्यक्रम आयोजना गरी राष्ट्रिय धान दिवस मनाउन अनुरोध गरिएको छ । यस दिवसले खाद्य तथा पोषण सुरक्षामा धानको योगदान एवं धानबाली प्रवर्द्धनमा नेपाल सरकारको प्रयास आम जनमानसमा पुग्न गई धानबाली प्रवर्द्धनमा सरोकारवालाको सामूहिक पहलको लागि ऊर्जा प्रदान गर्ने विश्वास लिइएको छ ।

# कोशी टप्पुमा पर्यटनको बढ्दो सम्भावना

**सङ्गीता राई**

धरान (सुनसरी), १५ असार (रासस)।

सप्तकोशी नदीको बहावसँगै फैलिएको हरियाली, दुर्लभ अर्नाको बथान, चराचुरुङ्गीको चहलपहल र जलचरको जीवन्तले कोशी टप्पुलाई जैविक विविधताको अनुपम आश्रयस्थलका रूपमा स्थापित गरेको छ। जैविक विविधताको दृष्टिले महत्वपूर्ण संरक्षित क्षेत्रमध्ये एक मानिने यहाँ दुर्लभ वन्यजन्तु तथा चराचुरुङ्गीको संरक्षणसँगै आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धनको उल्लेखनीय सम्भावना बोकेको ठाउँ हो।

पूर्वी नेपालको तीन जिल्लाको बीचमा फैलिएको कोशी टप्पु सोचे जति अझै चर्चामा आउन सकेको छैन। जैविक विविधताले भरिपूर्ण र प्रकृतिमा आधारित पर्यटनको ठूलो सम्भावना बोकेको कोशी टप्पु दुर्लभ वन्यजन्तु र सयौँ प्रजातिका चराचुरुङ्गी पाइने यो अन्तर्राष्ट्रिय महत्व बोकेको सिमसार क्षेत्र वातावरणीय समस्यासँगै आवश्यक पूर्वाधार, प्रचारप्रसार र राम्रो व्यवस्थापन हुन नसक्दा यहाँको पर्यटन सम्भावना अझै पूर्ण रूपमा उपयोग हुन भने सकेको छैन।

विसं २०३२ मा स्थापना भएको कोशीटप्पु वन्यजन्तु आरक्ष प्रारम्भमा १७५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको थियो। २०६१ सालमा मध्यवर्ती क्षेत्र थपिएपछि अहिले १७३ वर्गकिलोमिटर कायम भएको छ। सुनसरी सप्तरी र उदयपुर जिल्लाभित्र सप्तकोशी नदीले बनाएको टापुमा अवस्थित कोशी टप्पु आरक्ष जङ्गली भैँसी (अर्ना) का कारण चर्चित छ। कोशीटप्पु रैथाने अर्ना पाइने एक मात्र संरक्षित क्षेत्रको रुपमा लिइन्छ। कोशी टप्पु आरक्षभित्र सप्तकोशीको बालुवाबाट बनेका टापु, सिसौं र खयरका जङ्गल, बसाइँसराइ गर्ने चराचुरुङ्गी र अति दुर्लभ खरमयुरका वासस्थान छन्। सन् १९८७ देखि यो आरक्ष रामसार सूचीमा सूचीकृत छ। जलचर प्रजाति घडीयाल, मगरगोही, सोंस (डल्फिन) र माछा पनि पाइन्छ। कोशीटप्पुलाई चराहरूको राजधानी समेत भनिन्छ।

नेपालको पर्यटन उद्योग अहिले नयाँ गन्तव्यको खोजीमा छ। साहसिक पर्यटन, धार्मिक पर्यटन र हिमाली पर्यटनसँगै पछिल्ला वर्षहरूमा प्रकृतिमा आधारित पर्यटन वन्यजन्तु अवलोकन, फोटोग्राफी पर्यटन र पर्या-पर्यटन पक्षी अवलोकन र अध्ययनका लागि उत्कृष्ट गन्तव्यका रुपमा रहेको कोशी टप्पु पूर्वी भारततर्फको क्षेत्रमा जैविक मार्गका रूपमा समेत लिइन्छ। चितुवाबाहेक अन्य ठूलो मांसाहारी जनावरको सङ्ख्या न्यून भए पनि आरक्षले पूर्वी तराई, मधेस क्षेत्रको वन, वनस्पति, हावापानी र जैविक विविधताको प्रतिनिधित्व गर्दै आएको आरक्ष कार्यालयले जनाएको छ। हिमाल, पहाड तथा तराईको विशिष्ट जैविक विविधता, लोपोन्मुख वन्यजन्तु, जलचर, पंक्षी र विविध वन पैदावारका कारण नेपाल प्रकृतिप्रेमी, अनुसन्धानकर्ता र पर्यटकका लागि विश्वकै प्रमुख आकर्षणको केन्द्र बन्दै आएको कोशी टप्पु वन्यजन्तु आरक्षका रेन्जर अंकित पौडेलले बताउनुभयो।

सन् १९७६ को गणना अनुसार कोशी टप्पुमा ६३ वटा अर्ना थियो भने सन् २०२१ को गणनाअनुसार कोशीटप्पुमा ४९८ वटा अर्ना रहेका छन्। पौडेलका अनुसार कोशीटप्पुमा स्तनधारी ४२, पक्षी ५३५, माछा १४१ र पुतली ७७ प्रजातिका छन्। २०८० सालको गणनाअनुसार खरमयुर ३२ वटा र २०७९ को गणना अनुसार डल्फिन १९ वटा रहेको उहाँले जानकारी दिनुभयो।

कोशीटप्पुमा धेरैजसो चराहरु साइबेरियाबाट आउने गरेका छन्, गर्मीको समयमा भन्दा चराहरु जाडो छल्न आउने गरेको पौडेलले बताउनुभयो। जङ्गली हात्ती, एकसिङ्गे गैँडा, ढाड नहुने प्राणी ५७ प्रजाति, जडीबुटी १८ प्रजाति, डालेघाँस ३३ प्रजाति, उन्यु १२ प्रजाति, कालो भूँडिफोर, सेतो भूँडिफोर, अजिङ्गर, सरिसृप, सुन गोहोरो, घडियाल गोही, निलगाई, चितल, रतुवा, लगुना, मलाह बिरालो, मगर गोहीलगायत दुर्लभ प्रजाति यहाँ रहेका छन्। पछिल्ला वर्षहरूमा कोशी टप्पु वन्यजन्तु आरक्षमा आन्तरिक पर्यटकको आकर्षण बढ्दै गएको छ। आरक्ष कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्म नौ हजार २४२ पर्यटकले आरक्षको भ्रमण गरिसकेका छन्।

पर्यटकको बढ्दो आकर्षणको मुख्य आधार कोशी टप्पुको समृद्ध जैविक विविधता हो। प्रकृतिसँग नजिक हुन चाहने युवा, वन्यजन्तु फोटोग्राफर, चराप्रेमी तथा अनुसन्धानकर्ताका लागि कोशी टप्पु पछिल्ला वर्षहरूमा आकर्षक गन्तव्य बन्दै गएको छ। नदी, सिमसार, घाँसे मैदान, वन तथा खुला चरन क्षेत्रले समेटेको कोशी टप्पु जैविक विविधताको अनुपम भण्डारका रूपमा परिचित छ। यहाँ पाइने वनस्पति, स्तनधारी जनावर, चराचुरुङ्गी, उभयचर, जलचर तथा अन्य बन्यजन्तुले प्रकृतिक सन्तुलित कायम गरेको छ। यही विशेषताका कारण कोशी टप्पु नेपाल मात्र नभई दक्षिण एसियाकै महत्वपूर्ण जैविक विविधता क्षेत्रका रुपमा परिचित छ।

कोशी टप्पुको प्रमुख आकर्षणमध्ये चराचुरुङ्गी विविधता एक हो। नेपालमा अभिलेख गरिएका चरामध्ये आधाभन्दा बढी प्रजाति कुनै न कुनै समयमा यहाँ भेटिएका छन्। यसले कोशी टप्पुलाई नेपालको उत्कृष्ट 'बर्ड वाचिङ' गन्तव्यका रूपमा स्थापित गरेको छ। हरेक वर्ष असोज कात्तिकदेखि चैत वैशाखसम्म साइबेरिया, मङ्गोलिया, चीन, मध्यएसिया तथा युरोपका विभिन्न भूभागबाट हजारौँ प्रवासी चराहरू यहाँ आइपुग्ने गर्छन। उनीहरूका लागि कोशी टप्पु सुरक्षित बासस्थान, प्रशस्त आहार र अनुकूल वातावरण भएको विश्रामस्थल बनेको छ।

जलवायु परिवर्तन, सिमसार क्षेत्रको विनाश र बढ्दो मानव अतिक्रमणका कारण विश्वभर चराहरूको प्राकृतिक वासस्थान खुम्चिँदै गएकाले कोशी टप्पुको संरक्षणको महत्व झन् बढ्दै गएको संरक्षणविद्हरू बताउँछन्। यस्ता सिमसार क्षेत्र नष्ट भए प्रवासी चराहरूको बसाइँसराइ चक्रमा गम्भीर असर पर्नसक्ने संरक्षणविद्हरुको भनाइ छ।

चराविज्ञ अनिस तिमल्सिनाका अनुसार कोशी टप्पु उत्तरी गोलार्द्धबाट आउने प्रवासी चराहरूको प्रमुख विश्रामस्थल हो। उहाँ भन्नुहुन्छ, यदि चराहरूले विमानस्थल बनाउने हो भने नेपालमा उनीहरूको अन्तर्राष्ट्रिय विमानस्थल कोशी टप्पु नै हुन्थ्यो। हिउँद्याम सुरु भएसँगै साइबेरिया, चीन, मङ्गोलिया, मध्य एसियालगायतका क्षेत्रबाट हजारौँ किलोमिटर यात्रा गरेर आएका चराहरू यहाँ केही महिना बिताउने र गर्मी सुरु भएपछि पुनः आफ्नै गन्तव्यतर्फ फर्कने गरेको उहाँले बताउनुभयो। कोशी टप्पुमा भएका सिमसार क्षेत्रहरुको थप संरक्षण गर्ने हो भने चराचुरुङ्गी अवलोकन नै कोशी टप्पुको सबैभन्दा ठूलो पर्यटन आकर्षण र सम्भावना रहेको उहाँको भनाइ छ। बर्सेनि बाढीले कटान गर्ने जसले चराहरुको बासस्थानको कमी भएको कारण पहिलेको तुलनामा अहिले चराहरुको आगमनमा कमी आउन थालेको बताइन्छ।

कोशी टप्पुको अर्को प्रमुख विशेषता नेपालमा प्राकृतिक रूपमा पाइने एकमात्र जङ्गली भैँसी (अर्ना) को मुख्य वासस्थान हुनु हो। आरक्षमा रहेका विशाल घाँसे मैदान अर्नाका लागि उपयुक्त आवास मानिन्छन्। त्यस्तै कोशी नदीमा पाइने गंगेटिक डल्फिन आरक्षको अर्को महत्वपूर्ण प्राकृतिक सम्पदा हो। विश्वमै सङ्कटापन्न जलचरमध्ये पर्ने यो डल्फिनका लागि कोशी नदीको स्वच्छ बहाव, पर्याप्त गहिराइ र माछाको उपलब्धता अनुकूल मानिन्छ।

कोशी टप्पुमा डुङ्गा सफारी पनि पर्यटकको आकर्षण बन्दै गएको छ। कोशी नदीमा डुङ्गा यात्रा गर्दा गंगेटिक डल्फिन, जलपक्षी, नदी किनारका वन, विशाल घाँसे मैदान तथा सूर्यास्तको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ। आरक्षको वनस्पति विविधता पनि उत्तिकै समृद्ध छ। यहाँ सिसौं, खयर, सेमल, कदम्ब, साज, बाँसलगायतका नदी किनारका वन तथा विशाल घाँसे मैदान पाइन्छन्। यही घाँसे मैदानमा अर्ना, हरिण, नीलगाईलगायतका वन्यजन्तु आश्रित छन्। हरेक वर्ष आउने बाढीले नयाँ घाँसे मैदान सिर्जना गर्ने भएकाले यहाँको प्राकृतिक वातावरण निरन्तर पुनर्जीवित हुँदै आएको छ।

जैविक विविधता, प्राकृतिक सौन्दर्य, सिमसार क्षेत्र र स्थानीय सांस्कृतिक जीवनशैलीले कोशी टप्पुलाई अन्तरराष्ट्रियस्तरको प्रकृति पर्यटन गन्तव्यका रूपमा विकास गर्ने पर्याप्त आधार प्रदान गरेको छ। विश्व पर्यटन बजारको रुचि अहिले प्रकृतिमैत्री, शान्त वातावरण र वन्यजन्तु अवलोकनतर्फ केन्द्रित हुँदै गएकाले कोशी टप्पुको सम्भावना अझ बढेको छ। यहाँको जैविक विविधता, नदी प्रणाली, दुर्लभ वन्यजन्तु र स्थानीय संस्कृति नै कोशी टप्पुको सबैभन्दा ठूलो सम्पत्ति हो।

धरानबाट कोशी टप्पु भ्रमणका लागि आउनु भएका सरोज ढकालले प्राकृतिक सौन्दर्य, चराचुरुङ्गी अवलोकन तथा वन्यजन्तुका कारण आरक्ष आफूलाई बारम्बार आकर्षित गर्ने गन्तव्य बनेको बताउनुभयो। "प्रकृतिसँग नजिक हुन र शान्त वातावरणको अनुभूति गर्न म बेला बेलामा यहाँ आउने गर्छु", उहाँले भन्नुभयो। गुणस्तरीय होटल, स्थानीय संस्कृति झल्किने होमस्टे, व्यवस्थित विश्रामस्थल र सूचना केन्द्रको विकाससँगै प्रभावकारी प्रचारप्रसार गर्नसके आन्तरिक तथा विदेशी पर्यटकको सङ्ख्या उल्लेख्य रूपमा बढ्न सक्ने उहाँको भनाइ छ। चरा अवलोकन, जङ्गल सफारी र डुङ्गा शयरजस्ता गतिविधिलाई थप व्यवस्थित र सुरक्षित बनाउँदै जैविक विविधताको संरक्षणसँगै दिगो पर्यटन विकासमा जोड दिनुपर्ने आवश्यक रहेको उहाँको सुझाव छ।

कोशी टप्पुको पर्यटन विकास अझै प्रारम्भिक चरणमै रहेको स्थानीय होटल व्यवसायी लोकबहादुर मगरको भनाइ छ। उहाँका अनुसार सीमित आवास, कमजोर सडक तथा अन्य पर्यटकीय पूर्वाधार, प्रभावकारी प्रचारप्रसारको अभाव र पर्याप्त लगानी नहुँदा आरक्षको वास्तविक पर्यटन सम्भावनाको पूर्ण उपयोग हुन सकेको छैन। शत्र वर्षदेखि कोशी टप्पुमा उदीप होमस्टे सञ्चालन गर्दै आउनुभएका मगर नेपाली सेनाबाट २० वर्ष सेवा गरेर अवकाशपछि पर्यटन व्यवसायमा लाग्नुभएको हो। स्थानीयस्तरमै उत्पादन हुने अर्गानिक तरकारी र परम्परागत परिकारका कारण धेरै पर्यटकले अगाडी नै बुकिङ गरेर होमस्टेमा बस्न आउने गरेको उहाँले जानकारी दिनुभयो।

कोशी टप्पुमा जङ्गल सफारी, प्रकृति पदयात्रा र स्थानीय संस्कृति अनुभव गर्ने गतिविधिमा पनि पर्यटकको रुचि

***बाँकी अन्तिम पृष्ठमा***

## विश्व समाचार

### बङ्गलादेशकी पूर्व प्रधानमन्त्री हसिना यसै बर्ष स्वदेश फर्किने

नयाँदिल्ली, १५ असार (रासस/एएफपी)।

विद्यार्थी नेतृत्वको विद्रोहपछि भारतमा निर्वासनमा रहेकी बङ्गलादेशकी पूर्व प्रधानमन्त्री शेख हसीनाले यो वर्ष आफ्नो देश फर्किने प्रतिबद्धता जनाउनुभएको छ। उहाँले आइतबार प्रकाशित एक अन्तर्वार्तामा आफू यसै बर्ष स्वदेश फर्किने उल्लेख गर्नुभएको छ। उहाँविरुद्ध गत महिनाहरूमा मानवता विरुद्धको अपराधमा अनुपस्थितिमै मृत्युदण्डको फैसला सुनाइएको थियो।

सन् २०२४ को अगस्टमा विद्यार्थी नेतृत्वको विद्रोहले ७८ वर्षीया आवामी लिगकी नेतृसमेत रहनुभएकी पूर्वप्रधानमन्त्री हसीनाको १५ वर्ष लामो कठोर शासन अन्त्य गरेपछि सुरक्षाका लागि केही निकट आफन्तसहित उहाँ छिमेकी भारततर्फ भाग्नुभएको थियो। त्यसपछि नयाँ दिल्लीको एउटा पत्रकार सम्मेलनमा जनवरीमा प्रसारित सम्बोधनमा बाहेक उहाँ सार्वजनिक रूपमा देखिनुभएको छैन।

भारतीय ब्रोडकास्टर एनडिटिभीसँगको अन्तर्वार्तामा हसीनाले आफू मृत्युसँग नडराउने बताउनुभएको छ। उहाँले आफूलगायतका आफ्ना सहयोगीविरुद्धको फैसलालाई 'अवैध, असंवैधानिक र राजनीतिक रूपमा प्रेरित' प्रक्रियाको एक भाग भन्नुभएको छ।

हसीनाले भन्नुभयो, "मेरो विरुद्ध धेरै षड्यन्त्र रचिएका छन्। तर हरेक षड्यन्त्रको जाल तोड्दै मलाई जनताको मतबाट पाँच पटक प्रधानमन्त्री चुनिएको छ र मैले लामो समय देशको अभूतपूर्व विकासमा काम गरेको छु।"

पूर्वप्रधानमन्त्री हसीनाले भन्नुभयो, "म स्पष्ट रूपमा भन्न चाहन्छुः हरेक बाधा र हरेक षड्यन्त्रलाई पार गर्दै यो वर्ष म आफ्नो देश फर्किनेछु।" गत नोभेम्बरमा ढाका अदालतले हसीनालाई उत्तेजना फैलाउने, हत्या आदेश दिने र अत्याचार रोक्न नसकेको अभियोगमा दोषी ठहर गर्दै मृत्युदण्डको सजाय सुनाएको थियो। एक समय देशको सबैभन्दा लोकप्रिय दल उहाँको पूर्व सत्तारूढ दल अवामी लिगलाई कुनै गतिविधि गर्न अहिले प्रतिबन्धित गरिएको छ।

हसीनाको भारत पलायनपछि बनेको अन्तरिम सरकारका समय नेतृ हसीनालाई सुपुर्दगी गर्न तत्कालिन सरकारले भारतमाथि दवाव दिएपछि विग्रिएको भारत र बङ्गलादेशबीचको सम्बन्ध अहिले निर्वाचित सरकार आएसँगै सुधारिएको छ। फेब्रुअरीमा प्रधानमन्त्री तारिक रहमानले १७ करोड जनसङ्ख्या भएको बङ्गलादेशको प्रधानमन्त्री बन्न भारी मतले चुनाव जितेपछि यो सुधार भएको हो। यद्यपि, तनाव अझै कायम छ। बङ्गलादेशले बारम्बार हसीनाको सुपुर्दगीको माग गरिरहेको छ।

### सुकी जीवित भएको प्रमाण माग

लन्डन, १५ असार (रासस/एएनआई)।

म्यान्माकी बन्दी प्रजातन्त्रवादी नेतृ आङ सान सुकीका कान्छा छोरा किम एरिसले सैन्य सरकारलाई आफ्नी आमा जीवित रहेको ठोस प्रमाण सार्वजनिक गर्न आग्रह गर्नुभएको छ। अप्रिलमा सुकीलाई नजरबन्दमा राखिएको जुन्ताको दाबीप्रति गम्भीर शङ्का व्यक्त गर्दै उहाँले सुकी अझै राजधानी नेपिटोस्थित जेलमै रहेको विश्वास व्यक्त गर्नुभएको छ।

लन्डनमा क्योदो न्युजसँगको अन्तर्वार्तामा एरिसले सुकीलाई जेलबाट आवासीय स्थानमा सारिएको भन्ने सैन्य सरकारको दाबी पुष्टि गर्ने कुनै प्रमाण नभएको बताउनुभयो। उहाँका अनुसार आफ्नी आमाको अवस्थाबारे बाहिर आएको एकमात्र जानकारी स्वास्थ्य अवस्था लगातार बिग्रँदै गएको भन्ने मात्र हो।

एरिसले सुकी मुटुसम्बन्धी रोगसँगै उमेर बढ्दै जाँदा देखिने हड्डी कमजोर हुने समस्याबाट पनि पीडित रहेको बताउनुभयो। उहाँले आफूले जेलमा बसेका एक पूर्व कैदीबाट सुनेको विवरणका आधारमा सुकी राखिएको स्थानको अवस्था अत्यन्त कठिन र चिन्ताजनक रहेको बताउनुभयो। सन् १९९१ की नोबेल शान्ति पुरस्कार विजेता सुकीलाई सन् २०२१ फेब्रुअरीमा सेनाले सत्ता कब्जा गरेपछि हिरासतमा राखिएको थियो। लोकतान्त्रिक रूपमा निर्वाचित सरकारलाई अपदस्थ गर्दै सेनाले सत्ता हातमा लिएपछि उहाँलाई विभिन्न अभियोगमा कैद गरिएको थियो।

एरिसले आफ्नी आमासँगको अन्तिम प्रत्यक्ष सम्पर्क दुई वर्षअघि प्राप्त एउटा पत्र रहेको बताउनुभयो। लन्डनमा जन्मिएर हुर्कनुभएका उहाँ बाल्यकालमा आमाबुबासँग बस्नुभएको थियो, तर सुकी म्यान्मा फर्किएर प्रजातन्त्र आन्दोलनमा सक्रिय भएपछि उहाँ बेलायतमै बस्नुभएको थियो। सन् १९८९ देखि २०१० सम्म सुकीले विभिन्न समयमा करिब १५ वर्ष नजरबन्दमा बिताउनुभएको थियो। उहाँको पार्टी नेसनल लिग फर डेमोक्रेसीले चुनावमा ठूलो सफलता पाएपछि सन् २०१६ मा उहाँ म्यान्माको वास्तविक राजनीतिक नेतृत्वमा पुग्नुभएको थियो। तर सन् २०२१ को सैन्य कूले उहाँलाई पुनः हिरासतमा पुर्‍यायो।

एरिसले आफू सार्वजनिक जीवनमा आउन नचाहे पनि आमाको पक्षमा बोल्नुपर्ने अवस्था सिर्जना भएको बताउनुभयो। उहाँले हालै सुकीको ८१औँ जन्मदिनका अवसरमा ८१ किलोमिटर स्केटबोर्ड यात्रा पूरा गर्दै विश्व समुदायको ध्यान आकर्षित गर्ने प्रयास गर्नुभएको थियो। विभिन्न देशमा पुगेर आफ्नी आमाको रिहाइका लागि पहल गर्दै आउनुभएका एरिसले म्यान्माको सैन्य नेतृत्वमाथि अन्तर्राष्ट्रिय दबाब बढाउन विश्व समुदायसँग आग्रह गर्नुभएको छ। गृहयुद्ध चर्किँदै गएको अवस्थामा उहाँले सेनालाई उड्डयन इन्धनको आपूर्ति रोक्नुपर्नेमा जोड दिँदै यही कदमले सैन्य प्रशासनमाथि प्रभावकारी दबाब सिर्जना गर्न सक्ने बताउनुभयो।

# सहकारी (पहिलो संशोधन) विधेयक स्वीकृत

काठमाडौं, १५ असार (रासस) ।

प्रतिनिसिभाको आइतबारको दोस्रो बैठकमा 'सहकारी (पहिलो संशोधन) विधेयक, २०८३' लाई विचार गरियोस् भन्ने बहुमतले स्वीकृत भएको छ ।

अध्यादेशलाई प्रतिस्थापन गर्न ल्याइएको सो विधेयकमाथिको सैद्धान्तिक छलफलपछि निर्णयार्थ पेस गर्दा स्वीकृत भएको हो । सो विधेयकमाथि संशोधन गर्न चाहने सांसदका लागि सङ्घीय संसद्को विधेयक शाखामा प्रस्ताव पेस गर्न आग्रह गरिएको छ । भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले सो विधेयक विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो ।

छलफलमा उठेका प्रश्नमाथि जवाफ दिँदै मन्त्री रावलले सहकारी क्षेत्रलाई व्यवस्थित र प्रभावकारी बनाउँदै सहकारीबाट पीडितको रकम फिर्ता गराउन विधेयक ल्याइएको बताउनुभयो । उहाँले सहकारी समस्यालाई वास्तविक रूपमै समाधान गर्न सरकार कटिबद्ध भएको बताउँदै विगतकै सरकारको योजनाअनुसार चक्रीय राहत कोष खडा गरिएको जानकारी दिनुभयो ।

छलफलमा सांसदहरू नरेन्द्रकुमार केरुङ, अशोककुमार चौधरी, समीक्षा बास्कोटा, बासना थापा, गङ्गालक्ष्मी अवाल, खड्कबहादुर शाही, हरिमोहन भण्डारी, गणेशबहादुर विश्वकर्मा, वलावती शर्मा, बदनकुमार भण्डारी, साजिदा खातुन सिद्धिकीले भाग लिनुभयो ।

सांसदहरूले सहकारीलाई आर्थिक रूपान्तरणको खम्बाका रूपमा स्थापित गर्दै यसलाई व्यवस्थित र पारदर्शी गर्नुपर्ने बताउनुभयो । उहाँहरूले सहकारी ठगीमा परेर दैनिक गुजारामा चल्नुपर्ने व्यक्तिहरू मारमा परिरहेका सन्दर्भमा पीडितहरूलाई राहत र क्षतिपूर्ति दिन कानुनी संशोधन आवश्यक भएकामा जोड दिनुभयो ।

सहकारी ठगी गर्ने जोसुकैलाई कानुनी कारबाही गर्न खुट्टा नकमाउन आग्रह गर्दै उहाँहरूले चलिरहेको संसद् स्थगन गराएर अध्यादेशबाट विधेयक ल्याउने प्रवृत्ति अन्त्य गर्न पनि माग गर्नुभयो ।

# सङ्घीयता कार्यान्वयन : २५ करोड सम्मको पुँजीका उद्योग दर्ता र नवीकरण प्रदेशबाटै

जनकपुरधाम, १५ असार (रासस) ।

मधेस प्रदेश सरकारले प्रदेशका रु २५ करोडसम्म स्थिर पुँजी भएका स्वदेशी लगानीका उद्योगको दर्ता, नवीकरण, नियमनलगायत सेवा प्रदेशभित्रै कार्यान्वयन गर्नेभएको छ ।



सङ्घीय सरकारले रु २५ करोडसम्म स्थिर पुँजी भएका स्वदेशी लगानीका उद्योगको दर्ता, नवीकरण, नियमन तथा प्रशासनिक अधिकार मधेस प्रदेश सरकारलाई हस्तान्तरण गरेपछि प्रदेश सरकारले उद्योग दर्ता, नवीकरण, नियमनलगायत सेवा अघि बढाएको हो ।

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहबीच अधिकारको बाँडफाँट स्पष्ट रूपमा गरेको छ । औद्योगिक व्यवसाय ऐन, २०७६ ले निश्चित मापदण्डभित्रका उद्योगको प्रशासनिक जिम्मेवारी प्रदेश सरकारलाई दिने व्यवस्था गरेको थियो । तर कानुनी व्यवस्था भए पनि त्यसको कार्यान्वयन सात वर्षभन्दा बढी समयसम्म हुन नसक्दा उद्योगी-व्यवसायी सामान्य प्रशासनिक कामका लागि काठमाडौंस्थित उद्योग विभाग धाउन बाध्य थिए । यसले सेवा प्रवाहमा ढिलाइ, अतिरिक्त खर्च र प्रशासनिक जटिलता सिर्जना गरेको थियो ।

उद्योग विभागबाट मधेस प्रदेशअन्तर्गत रहेका १८८ उद्योगका अभिलेख प्रदेश सरकारलाई हस्तान्तरण भएसँगै अब ती उद्योगसम्बन्धी सेवा प्रदेशबाटै सञ्चालन मधेस प्रदेश सरकारअन्तर्गत उद्योग विभाग वीरगञ्जका निमित्त निर्देशक रीना साहले जानकारी दिनुभयो ।

"उद्योगका फायलहरू विभागमा हस्तान्तरण भइसकेको छ", निमित्त निर्देशक साहले भन्नुभयो, "सङ्घीय सरकारको उद्योग विभागबाट प्रदेश मन्त्रालयमार्फत हस्तान्तरण भएका उद्योगको फायलहरू हामीले अध्ययन गरिरहेका छौं, अध्ययन गरेर सेवा प्रवाहलाई अघि बढाउने तयारीमा जुटेका छौं ।" पहिलो चरणमा कार्यालयबाट दर्ता, नवीकरण, लगत कट्टालगायतको काम सुरु गर्छौं र त्यसपछि अनलाइन प्रणालीबाट पनि सेवा प्रवाह गर्ने निमित्त निर्देशक साहको भनाइ छ ।

प्रदेश सरकारको पहुँच बढेसँगै उद्योग दर्ता, नवीकरण तथा नियमनका प्रक्रिया थप छरितो र सहज हुने अपेक्षा गरिएको छ । यसबाट सेवा प्रवाहलाई नागरिकको नजिक पुर्‍याउने सङ्घीय शासनको मूल मर्मलाई व्यवहारमा उतार्ने विश्वास गरिएको छ ।

"सङ्घीय शासन व्यवस्थाको उद्देश्य केवल राजनीतिक अधिकार बाँडफाँट गर्नुमात्र नभई विकास र सेवा प्रवाहलाई विकेन्द्रीकरण गर्नुभएकाले प्रदेशबाट उद्योग दर्ता, नवीकरण लगायतका सेवा सुरु गर्न लागिएको मधेस प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव जयकुमार घिमिरेले बताउनुभयो ।

नागरिकले आफ्नो प्रदेशमै आवश्यक सेवा पाउने व्यवस्था हुँदा प्रशासनिक दक्षता बढ्नुका साथै सरकारप्रतिको विश्वाससमेत मजबुत हुने उहाँले बताउनुभयो । यसबाट प्रदेश सरकारलाई आर्थिक विकासको नेतृत्व गर्ने अवसर प्रदान गरेको छ । उद्योग प्रशासन आफ्नै मातहत आएपछि प्रदेशले उद्योगमैत्री नीति कार्यान्वयन, लगानी प्रवर्द्धन, उद्यमशीलता विकास तथा रोजगारी सिर्जनाका कार्यक्रमलाई स्थानीय आवश्यकताअनुसार अघि बढाउन सक्ने सचिव घिमिरेको भनाइ छ ।

यद्यपि अधिकार हस्तान्तरणसँगै प्रदेश सरकारको जिम्मेवारी बढेको छ । सेवा प्रवाहलाई प्रभावकारी बनाउन दक्ष जनशक्ति, सूचना प्रविधिमा आधारित प्रशासन, पारदर्शी कार्यप्रणाली र उत्तरदायी संस्थागत संयन्त्र निर्माण आवश्यक हुन्छ ।

# जंगली हात्तीले ६ घर भत्कायो

उदयपुर, १५ असार (रासस) ।

चौदण्डीगढी नगरपालिका-७ कुमाङ लामाचौर क्षेत्रमा जङ्गली हात्ती प्रवेश गरेर उपद्रो गरेको छ ।

कुमाडमा गए राति जङ्गली हात्ती प्रवेश गरेर ६ वटा घर भत्काएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी गणेश बमले बताउनुभयो । प्रहरीका अनुसार हात्तीले स्थानीय बुद्धिमान राई, राधा विक, रोशन विक, बमबहादुर विक, वीरबहादुर मगर, दिलबहादुर मगरलगायतको कर्कटपाताको छानो भएको काठको घर भत्काएको हो ।

यस्तै, हात्तीले स्थानीयको घरको अन्नपातसमेत खाएको छ । राति हात्ती गाउँ प्रवेश गरेपछि स्थानीयले भागेर ज्यान बचाएको स्थानीय पुष्प राईले बताउनुभयो । हात्तीले घर भत्काएका स्थानीयलाई चौदण्डीगढी नगरपालिकाले सुरक्षित बस्ने स्थानको व्यवस्था गरेको छ ।

कोशीटप्पु क्षेत्रबाट प्रवेश गरेको हात्तीको समूह लामाचौरी र ४५ चोक आसपास क्षेत्रको जङ्गलमा रहेको बताइएको छ । अहिले गाउँलेको सुरक्षाका लागि प्रहरी टोली परिचालन गरिएको सूचना अधिकारी बमले बताउनुभयो ।

### राष्ट्रियसभामा सांसद...

२ सय भन्दा बढी परिवारले अझै लालपुर्जा पाउन नसक्नु दुःखद विषय भएको बताए ।

नगरवासीको जायज माग अबिलम्ब सम्बोधन हुनु पर्ने भन्दै उनले यसका लागी सरकारले तत्कालै आवश्यक पहल गर्नु पर्नेमा जोड दिए ।

राजविराज बजार स्थापनाकाल देखी नै नगरको मुख्य सडक मेन रोड तथा भित्री सडकको दाँया बायाँ करिब ७० विगहा क्षेत्रफलमा वसोवास गर्दै आएका ५ हजार भन्दा बढी परिवारले हाल सम्म लालपुर्जा पाउन नसक्नु लज्जास्पद विषय भएको भन्दै उनले अबिलम्ब लालपूर्जा वितरण प्रक्रिया सूरु गर्न सरकारको ध्यानाकर्षण गराए ।

नापी कार्यालयद्वारा २०२८ सालमा गरिएको नापी अनुसार उक्त जग्गा गाउँब्लकमा रहेको भनी फिल्डबुकमा स्पष्ट उल्लेख भएको, सोही आधारमा नापी कार्यालयले लालपुर्जा वितरण प्रक्रिया सूरु गर्ने प्रयोजनका लागि ३/३ पटक सुचना जारी गरिसकेको तथा राजविराज नगरपालिकाको मिति २०८२ कार्तिक २९ गते सम्पन्न नवौं नगरसभाबाट पनि उक्त जग्गा व्यक्ती कै स्वामित्वमा रहेकाले लालपूर्जा प्रदान गर्न सिफारिस गरिसकेको भएपनि हाल सम्म लालपुर्जा वितरण कार्य सूरु हुन नसक्नु अचम्मको विषय बनेको उनको तर्क थियो ।

उनले २०७६ साल बैशाख सम्म उक्त जग्गामा वसोवास गर्दैआएकाहरु नगरपालिकाबाट पाएको रसिद कै आधारमा समस्यामा परेका वेला उक्त जग्गा बैंक तथा वित्तिय संस्थामा धितो राखी ऋण सुविधा पाउने गरेकोमा त्यस पछि सो सुविधा पनि कटौती हुदा नगरवासी थप समस्यमा परेको चर्चा गर्दै राष्ट्रियसभाका अध्यक्ष मार्फत सरकारको ध्यानाकर्षण गराएका छन ।

यता लालपुर्जा माग्दै विगत ४३ दिन देखी जारी आन्दोलनलाई सोमवार पनि राजविराजमा निरन्तरता दिइएको छ । जनआन्दोलन परिचालन समितीका संयोजक खेलानन्द दासको नेतृत्वको स्थानीय लक्ष्मी नारायण राधाकृष्ण मन्दिरको प्रांगणबाट निस्केको नगरवासीको जुलुश लालपूर्जा माग्दै नगरको विभिन्न भागको परिक्रमा गरेका छन । उनीहरुले माग पुरा नभए सम्म आन्दोलन नरोकिने अडान राखेका छन ।

### कोशी टप्पुमा ...

बढ्दै गएको छ । स्थानीय परिवारसँग बसेर ग्रामीण जीवनशैली, परम्परागत खानपान र संस्कृतिको अनुभव गर्न सकिने भएकाले आसपासका गाउँमा व्यवस्थित होमस्टे विस्तार गर्न सके पर्यटकको बसाइ अवधि लम्बिने छ । आरक्षसम्म पुग्ने केही सडक अझै स्तरीय छैनन् भने वर्षायाममा यातायात सञ्चालनसमेत प्रभावित हुने गरेको छ । पर्यटक सूचना केन्द्र, विश्रामस्थल, सङ्केत बोर्ड, अवलोकन टावर, सार्वजनिक शौचालय तथा गुणस्तरीय आवासको अभाव रहेको स्थानीय बताउँछन् ।

प्रचारप्रसारको कमीका कारण अन्तरराष्ट्रिय पर्यटन बजारमा कोशी टप्पुले अपेक्षित पहिचान बनाउन नसकेको स्थानीयको भनाइ छ भने अर्कोतर्फ मानव वन्यजन्तु द्वन्द्व पनि स्थानीयका लागि चुनौती बनेको छ । जङ्गली हात्ती तथा अन्य वन्यजन्तुले प्रत्येक वर्ष खेतीबालीमा क्षति पुर्‍याउने गरेको छ । आरक्षका रेन्जर अंकित पौडेलका अनुसार जङ्गली हात्तीबाट प्रभावित स्थानीयलाई आरक्षले प्रत्येक वर्ष राहत उपलब्ध गराउँदै आएको छ । संरक्षण, पूर्वाधार विकास र प्रभावकारी प्रचारप्रसारलाई सँगसँगै अघि बढाउनसके कोशी टप्पुले जैविक विविधताको संरक्षणसँगै स्थानीय आर्थिक समृद्धिमा समेत महत्वपूर्ण योगदान पुर्‍याउने छ ।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको वेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**महादेवा गाउँपालिका, सप्तरी**


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*